# बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## प्रेस विज्ञप्ति

मितिः २०७७/११/०६

२०७१ साउन १७ गते राती साविकको राम्चे गाउँविकास समितिको इटिनी भिरबाट आएको पहिरोले साविकको मांखा,बाह्रविसेको जुरे र टेकानपुर गाविस सम्म पहिरो जाँदा जुरे लगायतका बस्तीमा ठुलो मानवीय र भौतिक क्षती भएको हामी सबैलाई थाहै छ। जुरे पहिरोमा १४५ को मृत्यु भएको थियो भने सडक लगायत अन्य धेरै भौतिक सम्पत्ती क्षतीग्रस्त भएको थियो । जुरे पहिरो पछि पहिरो पीडितहरूलाई त्यतीबेला स्वेदश र विदेशबाट सहयोगी दाताहरूले तत्कासलन जिल्ला दैविप्रकोप उद्धार समितिको कोषमा सहयोग रकम जम्मा गरेका थिए । २ करोड २४ लाख रूपियाँ जुरे पहिरो पीडितहरूका लागि सहयोग जुटेपनि त्यो रकम अहिलेसम्म पीडितहरूले पाउँन सकेका छैनन् । स्थानीय सरकारमा जनप्रतिनिधि आएपछि हामीले पीडितहरूको नाममा जम्मा भएको रकम पीडितहरूलाई नै प्रदान गर्नका लागि धेरै पहल प्रयत्न भएको सबैलाई अवगत नै छ । पहिरो गएको ७ वर्ष हुदा सम्म पीडितहरूको लागि संकलन भएको रकम प्रदान नहुनु केन्द्रीय सरकारको चरम लापरवाही र पीडितहरूको भावनमा चरम खेलवाड भएको हाम्रो ठहर छ । केन्द्रीय सरकारका प्रधानमन्त्री,उपप्रधान,गृहमन्त्री लगायत संघीय जनप्रतिनिधिहरूसँग पीडितहरूको नाममा संकलन भएको रकम वितरणको व्यवस्थाका लागि हामीले धेरै पटक आग्रह र अनुरोध गरेको सबैलाई सर्वविदीतै छ । पीडितहरूले आफ्नो नाममा जम्मा भएको रकम पाउँनका लागि धेरै पटक आन्दोलन समेत गरेका थिए तर पनि रकम वितरणको कुनै पहल भएन । पीडितहरूको नाममा जम्मा भएको रकम पीडितहरूलाई वितरण गर्नका लागि अब सशक्त आन्दोलन गर्नुको विकल्प देखिएन । त्यसैले बलेफी गाउँपालिकाको कार्यपालिकाको बैठकले नै जुरे पहिरो पीडितहरूको नाममा जम्मा भएको रकम पीडितहरूलाई प्रदान गर्ने व्यवस्थाका लागि पहिरो चरणमा केन्द्रीय सरकारको विरोध राजधानीको माइतीघरमा यही फागुन ८ गते धर्ना दिने कार्यक्रम रहेको यसै विज्ञप्ति मार्फत सबैमा जानकारी गराउँदछौ । माइतीघरमा हुने धर्ना कुनै पनि राजनीतिक कार्यक्रम नभइ जुरे पहिरो पीडितहरूको न्यायको पक्षमा भएको सबैमा जानकारी गराउँदछौ । केन्द्रीय सरकारको विरूद्ध हुने यो सांकेतिक आन्दोलन पछि पीडितहरूले आफ्नो नाममा जम्मा भएको रकम नपाउदा सम्म गाउँपालिकाको तर्फबाटै निरन्तर आन्दोलनका कार्यक्रमहरू गर्ने समेत हामी सबैमा जानकारी गराउँदछौ । त्यसैले पीडितहरूको यो जायज माग सहित गर्न लागिएको आन्दोलनमा सबै जिल्लाबासीहरू तथा खास गरी काठमाण्डौमा बसोबास गर्ने आम सिन्धुवासी तथा बलेफी गाउँपालिकाका नागरिकहरूमा फागुन ८ गते दिउँसो १२:०० बजे माइतीघर मण्डलामा भेला भई ऐक्यवद्धता सहित सहभागीताको लागि हार्दिक अनुरोध गर्दछौ ।

केदार क्षेत्री
अध्यक्ष

केदार क्षेत्री
अध्यक्ष